# विधेयकमा संशोधनको सूचना

(प्रतिनिति सभा नियमावली, २०७९ को नियम ११२ सँग सम्बन्धित)

श्री सचिव,
प्रतिनिधि सभा, नेपाल
म प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम नियम ११३ को उपनियम (१) को शर्तका अधीनमा रही देहायको विधेयकमा देहाय बमोजिमको संशोधन पेश गर्न चाहन्छु ।

**विधेयकको नाम : नेपाल प्रहरी सम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक**

| क्र.स. | विधेयकको | | | | शंशोधनको व्यहोरा | | |
|---|---|---|---|---|---|---|---|
| | दफा | उप दफा | खण्ड | उप खण्ड | हालको व्यवस्था | प्रस्तावित संशोधन | संसोधन गर्न पर्ने कारण |
| १ | | | | | परिच्छेद १ पछि नयाँ परिच्छेद थप्ने, परिच्छेद क्रम मिलाउने, दफा क्रम मिलाउने: | **परिच्छेद २**: जनमुखी प्रहरीका दायित्वहरु: (३) नेपाल प्रहरी जनमुखी हुनुपर्नेछ र जनमुखी प्रहरीका दायित्वहरु:<br>(१) मानव अधिकारप्रति प्रतिबद्ध,<br>(२) आमनागरिक र समुदायप्रति उत्तरदायी,<br>(३) उच्च नैतिक चरित्र र स्वच्छ आचरण,<br>(४) लैङ्गिक संवेदनशीलताप्रति उत्तरदायी,<br>(५) निष्पक्ष ढंगमा कानूनी शासनप्रति प्रतिबद्ध र अपराध नियन्त्रमा सजग। | प्रहरीको जनता र राष्ट्र प्रतिको दायित्त्व कस्तो हुने बारे स्पष्ट लेखिनुपर्ने |
| २ | | | | | परिच्छेद २ पछि नयाँ परिच्छेद थप्ने, परिच्छेद क्रम मिलाउने, दफा क्रम मिलाउने: | **परिच्छेद ४:** प्रहरी प्रति राज्यको दायित्त्व: (१५) विभिन्न कालखण्डमा, विशेष गरी द्वन्द्वकालमा संलग्न भएका माओवादी लडाकुहरू, जो पुनःएकीकरणपछि प्रहरी सेवामा सामेल भएका छन् र समान श्रेणीमा रहेका छन्, तिनीहरूको उचित व्यवस्थापन र हेरचाह गर्न आवश्यक छ। उनीहरूलाई आन्तरिक रूपमा उत्प्रेरित गर्न र वृत्ति पथमा अघि बढ्ने सक्ने नयाँ पथ निर्क्योल गर्न एउटा छुट्टै समिति गठन गर्ने। | वर्षौंदेखि एउटै श्रेणीमा बसेर काम गर्नुपरेको प्रहरी जवानको वृत्ति पथका बारे सोच्न र हेरचाह गर्न आवश्यक भएकाले |
| ३ | | | | | नयाँ परिच्छेद ४ मा दफा थप्ने, दफा क्रम मिलाउने | (१६) प्रहरी कर्मचारीका बालबालिकाहरूलाई प्रहरी पोस्टिङ्ग भएको स्थानमा गुणस्तरीय विद्यालयमा अध्ययनको अवसर सुनिश्चित गर्ने। | प्रहरीको सरुवा भैराख्दा खेरी वहाँका बालबालिकाको पढाईमा निरन्तरता र सहज स्थानान्तरणका लागि |
| ४ | | | | | नयाँ परिच्छेद ४ मा दफा थप्ने, दफा क्रम मिलाउने | (१७) प्रहरी कर्मचारी र उनीहरूको तत्कालीन परिवारका सदस्यहरू वा सो कर्मचारीको जिम्मेवारीमा रहनुभएका व्यक्तिलाई सरकारी वा निजी स्वास्थ्य संस्थामा विभेद नगरी आवश्यक स्वास्थ्य सेवा नि:शुल्क उपलब्ध गराउने। | प्रहरीको तलब कम भएको हुँदा राज्यले वहाँहरूको स्वास्थ्य सेवाको जिम्मेवारी लिनुपर्ने |
| ५ | | | | | नयाँ परिच्छेद ४ मा दफा थप्ने, दफा क्रम मिलाउने | (१८) प्रहरीको कार्य समय श्रम ऐन २०७४ अनुरूप व्यवस्थित गर्ने। | उचित कार्य-जीवन सन्तुलन कायम गर्न |
| ६ | | | | | नयाँ परिच्छेद ४ मा दफा थप्ने, दफा क्रम मिलाउने | (१९) प्रहरीको मानसिक स्वास्थ्यका लागि गोपनियता कायम हुने गरी नि:शुल्क मनोसामाजिक परामर्शका सुविधा उपलब्ध गरिनुपर्छ। त्यसका साथै सबै तप्काका प्रहरीले आवश्यक मानसिक स्वास्थ्य प्राथमिक उपचारको तालिम लिने, संवेदनशीलता र संयमता बारे व्यावहारिक तालिम र आत्महत्या रोकथामका लागि प्रहरी केन्द्रित २४ सै घण्टा उपलब्ध हटलाइनको व्यवस्थापन। | धेरै प्रहरी तनावमा हुने र धेरैले आत्महत्या समेत गरेका हुनाले मानसिक स्वास्थ्यसम्बन्धी सुविधा उपलब्ध गराउन |
| ७ | | | | | नयाँ परिच्छेद ४ मा दफा थप्ने, दफा क्रम मिलाउने | (२०) प्रहरी संगठनभित्र हुने समस्याहरू उजुरी गर्न मानव अधिकार आयोगमा सुरक्षित, निष्पक्ष, पहुँचयोग्य र प्रत्यक्ष प्रणाली विकास गर्ने। गुनासो गर्ने कर्मचारीहरूलाई गुनासो राख्दैमा कुनै पनि प्रकारको प्रतिशोधबाट पनि सुरक्षित राख्ने। | प्रहरीले आफ्नो गुनासो राख्ने स्वतन्त्र ठाउँ हुनुपर्ने |
| ८ | १४४ | | | | नयाँ १४४ दफा थप्ने, दफा क्रम मिलाउने | (१४४) प्रहरी ऐन २०१२ संग सम्बन्धित सबै कानुनी प्रावधानहरूको पुनरावलोकन गर्ने। आन्तरिक सुरक्षा नीति अद्यावधिक गरी संशोधित ऐनको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने। | आवश्यक नीतिहरू पुनरावलोकन गरिनुपर्ने |

(१) नाम, थर: सुमना श्रेष्ठ    दस्तखत:    क्र. स.: २५२    मिति २०८१-११-०८